१५. यस गा.पा.मा कार्यरत अस्थायी तथा करारमा कार्यरत कर्मचारीहरुलाई प्रति व्यक्ति रु ७५००।०० का दरले बार्षिक रुपमा पोशाक भत्ता दिने निर्णय गरियो ।

१६.रिङने हाइड्रो पावर वरिपरिको गुम्दी क्षेत्रमा र बुढीगण्डकी वरिपरीको वुढाथुम बसेरी क्षेत्रमा गा.पा को आन्तरिक आय बृद्धि गर्न IEE गरि आवश्य प्रकृया अगाडी बढाउने गरियो ।

१७. गा.पा को बाँकी भवन निर्माण, गेट तारबार तथा प्रतिक्षालय निर्माण कार्यको लागि रु १५ लाख आन्तिरिक आय वा अन्य कुनैं आय बाट परिपुर्ति गर्ने गरि खर्च गर्ने निर्णय गरियो ।

१८.विभिन्न ३ वटा सडकहरुको डि.पि. आर. भएका सडकहरुको कूल लम्बाई २६.२५ कि.मि. मध्ये कूल लम्वाईमा ५ कि.मी. बढ्न गएकोले सो को पुरानैं दर रेटमा भक्तानी गर्ने निर्णय गरियो ।

१९.भैपरी आउने शिर्षकमा छुट्टयाइएको वडाको बजेटको हकमा बडाको सिफारिस तथा गाँउपालिका को एकमुष्ट बजेट तथा भैपरि आउने बजेटको हकमा गा. पा. अध्यक्षको सिफारिसमा कार्यपालिकाको निर्णयअनुसार गर्ने निर्णय गरियो ।

२०. प्रदेशबाट आउने राजश्व बाँडफाँडको रकम कार्यपालिकाको निर्णय बमोजिम खर्च गर्ने निर्णय गरियो ।

२१.आ.ब.२०७५।७६को परिषदको लागि वडा, विभिन्न विषयगत समितिमा तथा गाउँपरिषदमा योजनाहरु निर्माण, छनोट, आर्थिक ऐन २०७५, विनियोजन ऐन २०७५ लगायतका कार्यहरु गर्नकालागि खटिने कर्मचारीहरुका लागि प्रोत्साहन स्वरुप खाइपाई आएको तलबको आधा महिना बराबरको रकम दिने निर्णय गरियो । साथै गाउँसभाका सदस्यहरुलाई १४ दिन बराबरको दैनिक भ्रमण भत्ता बराबरको रकम दिने निर्णय गरियो ।

२२. सव इन्जिनियर श्री प्रकाश न्यौपानेलाई यस गाउपालिकाको प्राविधिक सम्बन्धि कार्य गर्ने गराउने निणय गरियो साथै सो कार्यको लागि आ. व. २०७५/७६ श्रावण देखि लागु हुनेगरी दैनिक भ्रमण भत्ता स्वरुप दैनिक रुपमा रु २,०००।०० दिने निर्णय गरियो ।

२३. हाइड्रो वगुवा खोला- रातमाटे- गुम्दी-छेलाङ-चिमचोक-री र बद्रीविशाल बाँसखर्क देखि सुकभन्ज्याङ सम्मको रोड डि.पि.आर. गर्नको लागि रु १५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

२३. गंगाजमुना गाउंपालिको प्रथम पषिदमा उपस्थित हुनु भएका प्रमुख अतिथि माननीय सभासद धन बहादुर घले, राजनैतिक दलका प्रतिनिधिहरु,संघसंस्थाका प्रतिनिधहरु, परिषदका सदस्यहरु र परिषद संचालन गर्न अहोरात्र खटेर परिषद सम्पन्न गर्न सहयोग गर्ने कर्मचारीहरुलाई हार्दिक धन्यबाद दिने निर्णय गरियो ।

२४. आन्तरिक तर्फका स्थायी कर्मचारीहरुको आबकाश पश्चात सेवा सुविधा प्रदान गर्नको लागि तलव भत्ता बाट रु ३,००,०००। कर्मचारी कल्याण कोषमा रकम जम्मा गर्ने निर्णय गरीयो ।